


**Supported by**

Supported by Arts Council Norway

Thetna Arts

**Organize by**

mandala theatre-nepal

**<u>नाटकको बारेमा</u>**

जीवन र संघर्ष एक सिक्काका दुई पाटा हुन्। संघर्ष रहे सम्म जीवन रहेने छ। जीवन जिउनकोलाई पर्याप्त मात्रामा शारीरिक र मानसिक उर्जाहरु प्रवाह भैईरहनु पर्दछ। नत्र जीवन नरहन पनि सक्छ। जीवन र संघर्ष एक वस्तु र शक्ति जस्तै हो। जब दुवै एकसाथ हुन्छन, त्यहाँ गति सिर्जना हुन्छ। अनि त्यो गतिले जीवनमा चमकहरू सिर्जना गर्दछ। र ती चमकहरू जीवनको गाडी चलाउने इन्धन हुन्। यदि जीवनमा कुनै संघर्ष छैन भने त्यो जीवन एक निर्जीव जीवन जस्तै हुनेछ।

चक्र/पाँग्रा, जीवन र सङ्घर्षको अभिव्यक्ती हो। यो जीवन रहे सम्म, जीवन रुपी पाँग्रा जीवनका उकाली ओराली गर्दै निरन्तर आगाडी बढिरहेनेछ। यात्राको क्रममा साथीहरु भेटिने छन्, छुटिने छन्। खुसी मिल्ने छ, दुख भोगिने छ। कैले एक्लै होइन्छ त्, कहिले साथीहरुको बिचमा पनि एक्लो होइन्छ। दिन र रात, प्रकाश र छाँया जस्तै जीवनमा आउने र जाने, घट्ने र बढने क्रम निरन्तर चलि रहने छ।

एउटा मान्छे जन्मन्छ, अनि जन्मछ, भोक - तिर्खा, रहर - सपना, माया - घृणा अनि अरु तेस्तै तेस्तै तत्वहरु। अनि शुरु हुन्छ जीवनको वास्तविक यात्रा। पाउदै गुमाउदै अगी बढिरहेनेछ जीवन अनवरत रुपमा। आशा र सपनाहरु बोकेर जीवनको यात्रा निरन्तर जारि रहने छ, जीवन रहे सम्म।

आउनुस संवेदी प्रक्रिया मार्फत हाम्रो आफनै जीवन र संघर्षलाई बुझौं।

मेरो कुरा

मलाई लाग्छ, एउटा मान्छे जन्मन्छ। जन्मदा उसको कुनै चरित्र, मनोवृत्ति, अपेक्षा, लक्ष्य, चाहना आदि केही हुदैन। उ मात्र बाँच्न चाहन्छ। भोक र तिर्खा लिएर जन्मेको मान्छे क्रमस हुर्काई सँगै सामाजिक तत्व धारण गर्दै जान्छ। बाँच्ने शिलशिलामा, उसको सामाजिक तत्वहरुसँग सामिप्यता बददै जान्छ, अनि आफ्नै शरीर, मन र दिमाग मार्फत, उसले आफ्नो वरपरको संसारलाई बुझ्छ। उ आफ्नो वर-पर भैरहेको, घटीरहेको हरेक कुराहरु जान्न धेरै उत्सुक हुन्छ। उ आफ्नो शरीर र दिमाग मार्फत एक दम रुचिका साथ आफनो वर-परको भूगोल, बनावट, संस्कृति, समाज, जीवन, माया, प्रेम, सुख- दुख, दिन-रात, जीवन- मृय्तु, कर्म-फल, सबै कुराहरु बुझ्ने कोसिस गर्छ। यसैक्रममा उसको शरीरको विकास हुन्छ, मनको विकास हुन्छ, बिचारको विकास हुन्छ, रहरको विकास हुन्छ, अनि परिवार,समाज, राष्ट्र र उसको आफैनै रुची अनुसार उ आफनो जीवनको चरित्र धारण गर्छ, लक्क्ष निर्धारण गर्छ। अनि शुरु हुन्छ उसको वास्तविक जीवन लिला यस भौतिक संसारमा।

समय क्रम सँगै उसको जीवन कहिले पानी जस्तै बग्छ त् कहिले पानी जस्तै जम्छ। बग्नु र जम्नु जीवनको यात्रा हो। यात्रा संघर्ष हो। बग्ने र जम्ने क्रममा भावनाहरु सिर्जना हुन्छन, जसलाई हामी सुख दुख भन्छौं। यही सुख र दुखले जीवनलाई उर्जा दिन्छ। यसैले नै जीवन रुपी गाडीलाई अगाडी बढाउन

मद्दत गर्छ। मैले जीवनलाई, यसरी नै बुझेको छु। यो यात्रा शरीर रहेसम्म रही रहन्छ। तेस पछी के हुन्छ मलाई पनि थाहा छैन।

समय बिहानी बाट शुरु भएर दिन, साँझ, अनि रात हुदै सकिन्छ र पुन अर्को दिन, बिहानी हुदै अगाडी बढछ। मानिसहरुको जीवन पनि दिन जस्तै जन्म, वालापन, जवानी, वयस्क, बुढेउली हुदै मृत्युमा पुगेर सकिन्छ। समय एउटा चक्र हो। यो निरन्तर आफनो यात्रामा छ। जीवन पनि यात्रा हो तर जीवनमा मृत्यु पछी जन्म हुन्छ की हुदैन थाहा छैन। तर जीवनमा जन्म देखी मृत्यु सम्म जानेर वा नजानेर गरिने हरेक कार्यहरु जीवनका इन्धन हुन्। इन्धनले नै गती पैदा गर्छ, गतिले भावनाहरु, अनि भावनाले जीवनहरु।

हामी फरक छौँ। म तपाई जस्तो छैन र तपाई पनि म जस्तो हुनुहुन्न। शारीरक रुपमा मात्र होइन मानसिक रुपमा पनि हामी कहिल्यै उस्तै हुन् सक्दैनौ। यो मानवीय बिबिधता हो। तर हामीले बाँचेको यो भौतिक संसार एउटै हो। हाम्रो संसार बुझ्ने र बुझाउने तरिका फरक छन्, हाम्रो मन जस्तै। तपाइको जीवन - तपाईको संघर्ष, तपाइको ज्ञान - तपाइको विवेक, तपाईको कर्म - तपाईकै फल। सबै तपाई नै हो।

आउनुस एउटा यात्रा गरौँ, जीवन रसंघर्ष लाई समेटेर मैले कल्पना गरेको एउटा संसारमा। यो यात्राले तपाईको आफनो  जीवन र संघर्षलाई पुनर्जागरण मिल्छ की? एक घण्टा, तपाई आफनो मनले जिउनुस, आफनो क्षमतमा जिउनुस, आफनो विवेकले जिउनुस।

सम्पूर्ण संघर्षशिल मनहरुमा, म यो प्रस्तुती समर्पर्ण गर्न चाहन्छु।

स्वागतम।

राम हरि ढकाल

ध्वनि, प्रकाश तथा सेन्सर: अक्सल होगेनहउ

संगीत : केशवराज आचार्य

मन्च व्याबस्थापक  : केदार श्रेष्ठ

परिकल्पना तथा निर्देशन  रामहरि ढकाल

प्राबिधिक सहयोग

उमेश तमाङ्ग

मन्च निर्माण

बिशेष धन्यबाद